# कालिमाटी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ५ संख्याः १ मितिः२०८०।०३।३१।१**


## भाग-१

## कालिमाटी गाउँपालिका

### कालिमाटी गाउँपालिकाको आर्थिक ऐन, २०८०

सभाबाट पारित मितिः २०८०।०३।१०।१

प्रमाणिकरण मितिः २०८०।०३।१०।१

**प्रस्तावनाः**

कालिमाटी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आन्तरिक आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा धारा २२८ को उपधारा (२) बमोजिम कालिमाटी गाउँसभाको चौधौं अधिवेशनले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कालिमाटी गाउँपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि कालिमाटी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२.**सम्पति करः** (१) कालिमाटी गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकिकृत रुपमा हिसाब गरी सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, भौतिक पूर्वाधार विकासकअवस्था र अन्य सेवा सुविधाको पहुँच, अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

३.**भूमि कर (मालपोत):** कालिमाटी गाउँपालिका क्षेत्रभित्र अनुसूची–२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाइएको जग्गामा भूमिकर (मालपोत) लगाईने छैन।

४.**वहाल करः** (१) कालिमाटी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने बहाल करको दर अनुसूची–३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नका लागि गाउँपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

५. **व्यवसाय करः** (१) कालिमाटी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवाको सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई कालिमाटी गाउँपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ बमोजिम व्यवसाय दर्ता गरी दर्ता प्रमाण (इजाजत) प्रदान गरिनेछ। व्यवसाय दर्ता प्रमाण (इजाजत) प्राप्त व्यवसायीहरुले प्रत्येक आर्थिक वर्षमा वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यसाय नविकरण समेत गर्नु पर्नेछ।

(३) अनुसूची–४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(४) यस गाउँपालिकामा दर्ता नगरी वा दर्ता गरेको व्यवसायलाई नविकरण गराउनु पर्नेमा नविकरण नगराई व्यवसाय गरेको पाईएमा रु. ५००। (अक्षरुपी पाँच सय) जरीवाना असुल गरिने छ । व्यवसाय दर्ता नगरी पटक पटक व्यवसाय गरेको पाईएमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ ।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यापालिकाले स्वीकृत गरी लागु गर्न सक्ने छ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** कालिमाटी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची–५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ । तर प्रचलित कानुनले निषेध गरिएको हकमा भने उल्लिखित व्यवस्था लागु हुने छैन ।

७. **सवारी साधन करः** (१) कालिमाटी गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा कर्णाली प्रदेश सरकारले सवारी साधन कर लगाउने र उठाउने छ तर रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा लगायतका तिन पाङ्ग्रे सवारी साधनमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउने छ ।

(२) उपदफा १ बमोजिम कालिमाटी गाउँपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता नवीकरण र सवारी साधन करको दर कालिमाटी गाउँपालिकाको तिन पाङ्ग्रे सवारी साधन संचालन मापदण्ड २०७९, बमोजिम हुनेछ ।

(३) कर्णाली प्रदेश सरकारले लगाउने सवारी साधन कर रकमबाट कालिमाटी गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय तथा प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** (१) कालिमाटी गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, स्टल आदिमा अनुसूची-६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनको लागि आवश्यक पर्ने कार्यविधि कालिमाटी गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्ने छ।

(३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर वापतको रकम प्रचलित संघीय तथा कर्णाली प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिने छ।

९. **मनोरन्जन करः** (१) कालिमाटी गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा कर्णाली प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कालिमाटी गाउँपालिकाले उठाएको मनोरञ्जन कर वापतको रकम प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिने छ ।

१०. **बहाल बिटौरी शुल्कः** (१) कालिमाटी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची-७ मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(क) आफूले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका सभाहल, भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल ऐलानी जग्गा वा बाटोको छेउमा भएका अस्थायी टहरा, छाप्रो, पसल वा आवास,

(ग) कालीमाटी गाउँपालिकाको स्वामित्वमा रहेका हेभि ईक्यूपमेन्ट एवं यन्त्रिक औजारहरु,

(घ) कालिमाटी गाउँपालिकाले तोकेको सार्वजनिक स्थल हाट बजार मेला जात्रा क्षेत्र आदिमा थापेका पसल ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि गाउँ कार्यपालिकाले न्यूनत्तम दररेट निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्ने छ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कालिमाटी गाउँपालिकाले त्यस्तो स्थानमा खरिद विक्रि हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकिएको न्यूनत्तम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउपत्र वा डाँक बडाबडको माध्यमबाट बहाल बिटौरीमा दिन सक्ने छ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा लिदा शर्त सहित सम्झौता गरी लिनु पर्नेछ ।

११. **सेवा शुल्क, दस्तुरः** (१) कालिमाटी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) तोकिएको समयमा स्थानीय पूर्वाधारको काम सम्पन्न नगरी म्याद थप गर्नु परेको अवस्थामा उपभोक्ता समिति र

ठेकेदारबाट म्याद थप दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

१२. **खानी खनिज तथा नदीजन्य पदार्थको शुल्कः** (१) कालिमाटी गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका खोला नदी तथा खानीहरुको अनुसन्धान उत्खनन तथा निकासीका लागि सिफारिस र दर्ता एवं निकासी परिमाणमा अनुसूची-९ मा उल्लिखित दरमा खानी तथा खनिज शुल्क लगाइने र असुल गरिनेछ । तर संघ तथा प्रदेश कानुनसँग बाझिने गरी लगाइने र असुल गरिनेछैन ।

१३. **कर छुट, विलम्व शुल्क, जरिवाना र पुरस्कारः (१)** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर पालिका भित्र कृषि तथा पशुजन्य व्यवसायलाई आकर्षित गर्ने उद्देश्यले पालिका भित्र उद्योगको रुपमा डेरी उद्योग वा मासु प्रशोधन उद्योग दर्ता गरेमा दर्ता दस्तुर र एक बर्षको व्यवसाय कर छुट दिईनेछ ।

(२) कालिमाटी गाउँपालिका क्षेत्रभित्र रहेका नदिजन्य पदार्थ अवैध उत्खनन् ओसारपसार तथा विक्रीवितरण गरेमा तथा जलचर प्राणीको अवैध रुपमा क्षति पुऱ्याउने र वृद्धिविकासमा समेत असर पुऱ्याउने गरेको पाइएमा अनुसूची–१० बमोजिम दण्ड जरिवाना गरी सामाग्री जफत गरिनेछ । त्यसरी जफत भएको सामाग्रीलाई गाउँपालिकाले भण्डारण गरी लिलाम विक्रि गर्नेछ । लिलाम विक्रिबाट प्राप्त रकम गाउँपालिकाको राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम असुल उपर भएको जरिवाना वापतको रकमको २५ प्रतिशत रकम सूचना दिई सहयोग

गर्ने व्यक्ति वा प्रहरीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराईनेछ ।

(४) यस ऐन बमोजीम बुझाउनु पर्ने कर समयमा नबुझाउनेले बुझाउन बाँकी कर रकमको बार्षिक दश प्रतिशत विलम्ब शुल्क समेत बुझाउनु पर्नेछ ।

१४. ठेक्का वा बढाबढ गराउन सक्नेः यस ऐनमा जुनसुकै कुरा उल्लेख भएता पनि यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर दस्तुर शुल्क वा जरिवाना रकम असुल उपर गर्नकोलागि गाउँपालिकाले कुनै व्यक्ति फर्म कम्पनी वा संस्थालाई प्रचलित कानून बमोजिम न्यूनत्तम दररेट निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा सिलबन्दी दरभाउपत्र वा डाँक बढाबढको माध्यामबाट कार्य गराई असुल उपर गर्न सक्ने छ ।

१५. **नियम, कार्यविधी र मापदण्ड बनाउन सक्नेः** यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न कालिमाटी गाउँ कार्यपालिकाले आवश्यक नियम, कार्यविधी र मापदण्ड बनाउन सक्नेछ ।

१६. **यस ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनुभन्दा अघि भएका व्यवस्थाहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

सम्पत्ति कर (बार्षिक)

| क्र.स. | सेवाका प्रकार तथा विवरण | स्विकृत करको दर | कैफियत |
|---|---|---|---|
| १ | कच्ची घरको प्रति तला | रु. १०० | |
| २ | पक्की घरको प्रति तला | रु. २०० | |

अनुसूची--२

(दफा ३ संग सम्बन्धित)

भुमिकर (बार्षिक)

| क्र· सं | भुमि रहेको स्थान विवरण | स्वीकृत दररेट | | कैफियत |
|---|---|---|---|---|
| | | प्रति रोपनी | न्यूनतम | |
| १ | पोखरा आसपास क्षेत्र दलपुरे चौर टोट्के खोला सानो ज्युला वडा नं १ | ७५ | २५ | |
| २ | सि·नं· १ मा उल्लेखित वाहेक अन्य क्षेत्र आवासिय वडा नं १ | ३० | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | सि·नं· १ र २ मा उल्लेखित बाहेक खेति योग्य क्षेत्र वडा नं १ | २० | | |
| ४ | सेतिखोला मिलनचोक सिमलकुना देखी झिगाने चोक सडक दाँयाबाँया वडा नं २ | २०० | ७५ | |
| ५ | सि· नं· ४ मा उल्लेखित बाहेकका सो एरियाका वाँकी खेतियोग्य तथा आवासिय क्षेत्र वडा नं २ | १०० | ३० | |
| ६ | सडक क्षेत्र बाहेक टाट्के घुम्ती कैने आवासिय तथा खेति योग्य क्षेत्र सेतिखोला मसेरि सोलिघोप्टे सुकेताल सिमलतरा चिसातरा वडा नं २ | ७५ | २० | |
| ७ | टाट्के घुम्ती कैने सडक क्षेत्र वडा नं २ | १५० | ३० | |
| ८ | सि· नं· ४, ५, ६ र ७ मा उल्लेख भएको बाहेक अन्य क्षेत्रवडा नं २ | ३० | १० | |
| ९ | बगाले देखी पातिहाल्ना हस्पिटल सडक गाउँपालिका सडक आसपास क्षेत्र वडा नं ३ | ३०० | १०० | |

| | | | | |
|---|---|---|---|---|
| १० | बगाले देखी पातिहाल्ना हस्पिटल गाउँपालिका सडक बाहिरका आसपास क्षेत्र वडा नं ३ | १०० | ३० | |
| ११ | बगाले देखी ढोरनी सिमलचोक सडक आसपास क्षेत्रे वडा नं ३ | २०० | ६५ | |
| १२ | बगाले देखी ढोरनी सिमलचोक सडक बाहिरका आसपास क्षेत्रे वडा नं ३ | ७५ | ३० | |
| १३ | सि·नं· ९, १०, ११, १२, १४ र १५ मा उल्लेख भएका बाहेक अन्य आवासिय तथा खेतियोग्य क्षेत्र वडा नं ३ | ३० | २० | |
| १४ | चौडी बल्ले मागे जुगेना सडक आसपास क्षेत्र वडा नं ३ | ७५ | ३० | |
| १५ | मर्चबारी सडक क्षेत्र | ५० | १५ | |
| १६ | असुरेनी घुरचौर पुरुवाखैत पिप्ले खैरेनी डिमिरे झिगाने सडक आसपास हाइवेय क्षेत्र वडा नं ४ | २०० | ६५ | |
| १७ | असुरेनी घुरचौर पुरुवाखैत पिप्ले खैरेनी डिमिरे झिगाने सडक हाइवेय क्षेत्र बाहेक आसपास क्षेत्र र टटली तालगरा गलक्षेडा | १०० | ३० | |

| | | | | |
|---|---|---|---|---|
| | वडा नं ४ | | | |
| १८ | लामितरा सुनचौर ठाकुरसम्म तल्लो धाम वडा नं ४ | ५० | २० | |
| १९ | सि·नं· १६, १७ र १८ बाहेकका अन्य क्षेत्र वडा नं ४ | ३० | २० | |
| २० | बालुवा आवासिय सडक क्षेत्र वडा नं ५ | १५० | ४० | |
| २१ | दमदुवाली सडक आसपास क्षेत्र वडा नं ५ | १०० | ३० | |
| २२ | सि·नं· २० र २१ बाहेकका अन्य वडा नं ५ | ३० | २० | |
| २३ | छरछहरे क्षेत्र वडा कार्यालय १ किलोमिटर क्षेत्र वडा नं ६ | ५० | २० | |
| २४ | सि·नं· २३ बाहेकका अन्य क्षेत्र वडा नं ६ | ३० | २० | |
| २५ | वडा कार्यालय क्षेत्र, स्वास्थ्य कार्यालय क्षेत्र र स्वामिबास क्षेत्र र न्याङ ५०० मिटर क्षेत्र वडा नं ७ | ६० | २० | |
| २६ | सि·नं·२५ बाहेकका अन्य क्षेत्र वडा नं ७ | ३० | २० | |

# अनुसूची ३

(दफा ४ सँग सम्बन्धित)

बहाल कर

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|
| १ | घर बहाल कर | सम्झौता रकमको १० प्रतिशतले हुन आउने रकम | |
| २ | जग्गा बहाल कर | सम्झौता रकमको १० प्रतिशतले हुन आउने रकम | |

## अनुसूची-४
(दफा ५ संग सम्बन्धित)
बार्षिक व्यवसाय कर

| क्र.सं. | व्यवसायको प्रकृति तथा विवरण | व्यवसायको वर्गिकरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | क वर्ग (१० लाख भन्दा बढी पुँजी भएका) | ख वर्ग (१०लाख सम्म पुँजी भएका) | ग वर्ग (५लाख सम्म पुँजी भएका) | |
| १ | होटेल, रेष्टुरेन्ट, कटेज | २००० | १५०० | १००० | |
| २ | खाजा नास्ता पसल | १५०० | १००० | ५०० | |
| ३ | मदिरा पसल | ४००० | ३००० | २००० | |
| ४ | स्टेशनरी पसल | २००० | १५०० | १००० | |
| ५ | किराना खाद्यान्न पसल | २००० | १००० | ५०० | |
| ६ | कस्मेटिक पसल | १५०० | १००० | ५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | फेन्सी पसल | ३००० | २००० | १००० | |
| ८ | कपडा सपल | २००० | १५०० | १००० | |
| ९ | सुनचाँदी पसल | ३००० | २००० | १००० | |
| १० | ग्यारेज (मोटर साईकल/गाडी मर्मत) | ३००० | २००० | १००० | |
| ११ | कपाल काट्ने पसल | ५०० | | | |
| १२ | एग्रोभेट पसल | ३००० | २००० | १००० | |
| १३ | औषधी पसल | ४००० | २५०० | १००० | |
| १४ | भाँडा पसल | ३००० | २००० | १००० | |
| १५ | फर्निचर पसल र उद्योग | ४००० | ३००० | २००० | |
| १६ | ग्रिल उद्योग | २५०० | २००० | १५०० | |
| १७ | हार्डवेयर पसल | ५००० | ४००० | ३५०० | |
| १८ | पिसानी मिल | ७०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | कुटानी पिसानी मिल | २००० | | | |
| २० | पिसानी कुटानी पेलानी मिल | २२०० | | | |
| २१ | इन्टिच्यूट /ट्यूसन सेन्टर | २५०० | २००० | १५०० | |
| २२ | इलेक्ट्रिक वा इलेक्ट्रोनिक्स पसल | २५०० | २००० | १५०० | |
| २३ | पानी घट्ट | ३०० | | | |
| २४ | सुधारिएको पानी घट्ट | ५०० | | | |
| २५ | मासु पसल | २००० | १५०० | १००० | |
| २६ | खाना पकाउने ग्याँस पसल | १५०० | १००० | ८०० | |
| २७ | ढुँङ्गा, गिट्टी वालुवा | ५००० | ४००० | ३००० | |
| २८ | क्रसर उद्योग | ५००० | | | |

नोटः दुई वा दुई भन्दा बढी फरक फरक प्रकृतिका व्यवसाय गर्ने व्यवसायीलाई अनुसुचि४ मा उल्लेखित करको दर अनुसार फरक कारोवारको फरक फरक कर लाग्नेछ ।

अनुसूची-५

(दफा ६ संग सम्बन्धित)

जडिबुटी, कवाडी र जीवजन्तु चौपाया कर

| क्र.सं. | सेवाको प्रकार तथा विवरण | दर रु. |
|---|---|---|
| १ | नेपाल सरकारबाट प्रतिबन्धित बाहेकका काठ प्रति रुख | ५०० |
| २ | अन्य बन पैदावर जडीबुटी प्रति क्विन्टल | १०० |
| ३ | सामुदायिक बनको काठ विक्रि दस्तुर स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार | विक्रि रकमको १० प्रतिशत |
| ४ | राँगा निकसी दस्तुर | रु १०० प्रति गोटा |
| ५ | खसी निकासी दस्तुर | रु २० प्रति गोटा |
| ६ | बोका/बाख्रा निकासी दस्तुर | रु १० प्रति गोटा |
| ७ | बन पैदावर जन्य कुचाहरु | रु १ प्रति गोटा |

| | | |
|---|---|---|
| ८ | कवाड निकासी दस्तुर | मुल्यको १ प्रतिशत |
| ९ | जाल दर्ता दस्तुर | रु ६०० प्रति जाल |

अनुसूची-६

दफा ८ संग सम्बन्धित

बार्षिक विज्ञापन कर

| क्र·सं· | सेवाका प्रकार एवं विवरण | कर रु |
|---|---|---|
| १ | पर्खाल, बार, भित्तामा कम्पनी संस्थाले रंग पोतेको प्रति वर्गफुट | रु ५० |
| २ | कम्पनी वा संस्थाले प्रचार प्रसारको लागि राखेको साईनबोर्ड र होडिङ्गबोर्ड प्रति वर्गफुट | रु ५० |

अनुसूची-७

(दफा १० सँग सम्बन्धित)

बहाल विटौरी शुल्क

| क्र.सं. | सेवाका प्रकार तथा विवरण | शुल्क रु | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक स्थल वा सडक किनारामा राखेका टहरा र घुम्ती | १००० | |
| २ | मेला महोत्सवमा पसल राखेकोमा प्रति मिटर | ४०० | |
| ३ | हल भाडा प्रति दिन | १५०० | |
| ४ | व्यक्होलोडर भाडा प्रति घन्टा | २५०० | |

# अनुसूची-८
(दफा ११ संग सम्बन्धित)
सेवा शुल्क, दस्तुर

| क्र.सं. | सिफारिस तथा प्रमाणित | स्वीकृत दररेट | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | निःशुल्क | |
| २ | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र | निःशुल्क | |
| ३ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | २०० | |
| ४ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपि | ५०० | |
| ५ | स्थायि वसोबास प्रमाणित दस्तुर | २०० | |
| ६ | नावालक सिफारिस दस्तुर | १५० | |
| ७ | चारित्रिक प्रमाणित दस्तुर | २०० | |
| ८ | नाम, थर, जन्ममिति सिफारिश दस्तुर | २०० | |
| ९ | नाता प्रमाणित दस्तुर नेपाली भाषामा | ३०० | |

| | | | |
|---|---|---|---|
| १० | नाता प्रमाणित दस्तुर अंग्रेजी भाषामा | ५०० | |
| ११ | नागरिकता सिफारिस दस्तुर | २०० | |
| १२ | नागरिकता प्रतिलिपि सिफारिस दस्तुर | २०० | |
| १३ | अंगिकृत नागरिकता सिफारिस दस्तुर | ५०० | |
| १४ | जन्म मिति प्रमाणित तथा सिफारिस | ३०० | |
| १५ | विवाह प्रमाणित भएको सिफारिस | ३०० | |
| १६ | अविवाहित प्रमाणित | ३०० | |
| १७ | व्यक्तिगत विवरण प्रमाणित | २०० | |
| १८ | पारिवारिक विवरण प्रमाणित | २०० | |
| १९ | दलित सिफारिश दस्तुर | १०० | |
| २० | आदिवासी जनजाती सिफारिस दस्तुर | १०० | |
| २१ | पेन्सन सिफारिस दस्तुर नेपालको | ५०० | |
| २२ | भारतिय पेन्सन सिफारिस दस्तुर | १००० | |

| | | | |
|---|---|---|---|
| २३ | सर्जमिन मुचुल्का सवै प्रकारका प्रति मुचुल्का | २०० | |
| २४ | अंग्रेजी भाषामा गरिने सबै सिफारिस तथा प्रमाणित | ५०० | |
| २५ | नाम थर जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | ३०० | |
| २६ | संस्थागत संरक्षक प्रमाणित तथा सिफारिस दस्तुर | २०० | |
| २७ | व्यक्तिगत संरक्षक प्रमाणित तथा सिफारिस दस्तुर | २०० | |
| २८ | जीवित सँगको नाता प्रमाणित दस्तुर | ३०० | |
| २९ | मृतकसँगको नाता प्रमाणित दस्तुर | २०० | |
| ३० | जीवित रहेको सिफारिस दस्तुर | ३०० | |
| ३१ | हकवाला वा हकदार प्रमाणित दस्तुर | ५०० | |
| ३२ | जग्गाधनि पुर्जा दस्तुर प्रति रोपनी | ५०० | |
| ३३ | जग्गा धनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस | ३०० | |
| ३४ | कित्ता काट सिफारिस दस्तुर | ३०० | |

| | | | |
|---|---|---|---|
| ३५ | जग्गाको नामसारी सिफारिस दस्तुर | ५०० | |
| ३६ | घर पाताल प्रमाणित दस्तुर | २५० | |
| ३७ | घर कायम सिफारिस दस्तुर | ३०० | |
| ३८ | घरबाटो प्रमाणित दस्तुर | ५०० | |
| ३९ | राजिनामा बकसपत्र सिफारिस दस्तुर | ५०० | |
| ४० | अंशबण्डा सिफारिस दस्तुर | ५०० | |
| ४१ | जग्गाको हक सम्बन्धि सिफारिस दस्तुर | ३०० | |
| ४२ | बहाल करको लेखाजोखा सिफारिस दस्तुर | २०० | |
| ४३ | बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्ने सिफारिस | २०० | |
| ४४ | घर जग्गा करको लेखाजोखा सिफारिस | ३०० | |
| ४५ | जग्गा धनी दर्ता प्रमाण पुर्जामा घर कायम सिफारिस | ३०० | |
| ४६ | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| ४७ | अशक्त, असहाय तथा अनाथ पालन पोषण सिफारिस | निःशुल्क | |

| | | | |
|---|---|---|---|
| ४८ | घरेलु उद्योग नामसारी, ठाउँसारी सिफारिस दस्तुर | ५०० | |
| ४९ | साना उद्योग नामसारी, ठाउँसारी सिफारिस दस्तुर | १००० | |
| ५० | मझौला उद्योग नामसारी, ठाउँसारी सिफारिस दस्तुर | १५०० | |
| ५१ | घरेलु उद्योग दर्ता शिफारिश दस्तुर | ५०० | |
| ५२ | मझौला उद्योग दर्ता शिफारिश दस्तुर | २००० | |
| ५३ | साना उद्योग दर्ता शिफारिस दस्तुर | १००० | |
| ५४ | व्यवसायको नाम परिवर्तन सिफारिस दस्तुर | ३०० | |
| ५५ | व्यवसाय बन्द भएको, संचालन नभएको वा व्यवसाय हुँदै नभएको सिफारिस दस्तुर | ३०० | |
| ५६ | पसल दर्ता सिफारिश दस्तुर | १००० | |
| ५७ | परामर्श सेवा दर्ता सिफारिस | १५०० | |
| ५८ | प्लटीङ्ग ईजाजत प्रति रोपनी | २००० | |
| ५९ | सुचि दर्ता दस्तुर | ५०० | |

| | | | |
|---|---|---|---|
| ६० | निजी बैंक स्थापना अनुमती सिफारिस दस्तुर | २५०० | |
| ६१ | जग्गाधनि पुर्जा प्रतिलिपी सिफारिस दस्तुर | ३०० | |
| ६२ | नागरिकता बाहेकको सर्जमिन मुचुल्का दस्तुर | ३०० | |
| ६३ | आयश्रोत प्रमाणित दस्तुर बार्षिक प्रति लाख | १०० | |
| ६४ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निःशुल्क | |
| ६५ | आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस | ५०० | |
| ६६ | कृषि/पशु फर्म दर्ता दस्तुर | ५०० | |
| ६७ | कृषि/पशु फर्म नविकरण दस्तुर | ५०० | |
| ६८ | समुह दर्ता दस्तुर | ३०० | |
| ६९ | समुह नविकरण दस्तुर | ३०० | |
| ७० | सहकारी दर्ता सिफारिस दस्तुर | ५०० | |
| ७१ | सहकारी दर्ता दस्तुर | १००० | |
| ७२ | सहकारी नविकरण दस्तुर | १००० | |

| | | | |
|---|---|---|---|
| ७३ | अन्य सिफारिस | २५० | |
| ७४ | संघ संस्था दर्ताको लागि शिफारिश दस्तुर | १००० | |
| ७५ | संघ संस्था दर्ता दस्तुर | १५०० | |
| ७६ | संघ संस्था नविकरण दस्तुर | १५०० | |
| ७७ | संस्थागत विद्यालय खोल्ने शिफारिस (शिशु कक्षा) | ५००० | |
| ७८ | संस्थागत विद्यालय खोल्ने शिफारिस (आधारभुत तह) | ८००० | |
| ७९ | संस्थागत विद्यालय खोल्ने शिफारिस (माध्यामिक तह) | १२००० | |
| ८० | संस्थागत क्याम्पस खोल्ने सिफारिस | २०००० | |
| ८१ | सामुदायिक विद्यालय खोल्ने शिफारिस (शिशु कक्षा) | ५०० | |
| ८२ | सामुदायिक विद्यालय खोल्ने शिफारिस (आधारभुत तह) | १००० | |
| ८३ | सामुदायिक विद्यालय खोल्ने शिफारिस (माध्यामिक तह) | १५०० | |
| ८४ | सामुदायिक क्याम्पस खोल्ने सिफारिस | २००० | |
| ८५ | संस्थागत विद्यालयको ठाउँसारी सिफारिस | ५००० | |

| | | | |
|---|---|---|---|
| ८६ | सामुदायिक विद्यालयको ठाउँसारी सिफारिस | १००० | |
| ८७ | संस्थागत विद्यालयको कक्षा अपग्रेड सिफारिस (शिशु कक्षा) | २५०० | |
| ८८ | संस्थागत विद्यालयको कक्षा अपग्रेड सिफारिस (आधारभुत तह) | ३००० | |
| ८९ | संस्थागत विद्यालयको कक्षा अपग्रेड सिफारिस (माध्यामिक तह) | ४००० | |
| ९० | संस्थागत क्याम्पसको कक्षा अपग्रेड सिफारिस | ५००० | |
| ९१ | सामुदायिक विद्यालयको कक्षा अपग्रेड सिफारिस (शिशु कक्षा) | ३०० | |
| ९२ | सामुदायिक विद्यालयको कक्षा अपग्रेड सिफारिस (आधारभुत तह) | ५०० | |
| ९३ | सामुदायिक विद्यालयको कक्षा अपग्रेड सिफारिस (माध्यामिक तह) | १००० | |
| ९४ | सामुदायिक क्याम्पसको कक्षा अपग्रेड सिफारिश | १५०० | |
| ९५ | घरजग्गा मुल्यांकन सिफारिस (१ लाख देखि १० लाख सम्म) | १००० | |
| ९६ | घरजग्गा मुल्यांकन सिफारिस (१० लाख देखि २० लाख सम्म) | २००० | |
| ९७ | घरजग्गा मुल्यांकन सिफारिस (२० लाख देखि ५० लाख सम्म) | ३००० | |
| ९८ | घरजग्गा मुल्यांकन सिफारिस (५० लाख देखि एक करोड सम्म) | ५००० | |

| | | | |
|---|---|---|---|
| ९९ | घरजग्गा मुल्यांकन सिफारिस (एक करोड भन्दा माथि प्रति लाख) | १०० | |
| १०० | कच्चिघरको खानेपानी, विद्युत र टेलिफोन नामसारी ठाउँसारी सिफारिस | ३०० | |
| १०१ | पक्की घरको खानेपानी, विद्युत र टेलिफोन नामसारी ठाउँसारी सिफारिस | ५०० | |
| १०२ | खानेपानी जडान सिफारिस | २०० | |
| १०३ | विद्युत मिटर जडान सिफारिस कच्चीघरको | २०० | |
| १०४ | विद्युत मिटर जडान सिफारिस पक्की घरको | ५०० | |
| १०५ | विद्युत मिटर जडान सिफारिस व्यवसायिक | १००० | |
| १०६ | चार किल्ला प्रमाणित पहाडी क्षेत्र प्रति कित्ता | ३०० | |
| १०७ | चार किल्ला प्रमाणित कच्ची सडकले छोएको प्रति कित्ता | ५०० | |
| १०८ | चार किल्ला प्रमाणित ग्राभेल सडकले छोएको प्रति कित्ता | ७०० | |
| १०९ | चार किल्ला प्रमाणित पक्की सडकले छोएको प्रति कित्ता | १००० | |
| ११० | चार किल्ला प्रमाणित सडकले नछोएको प्रति कित्ता | २०० | |
| १११ | चार किल्ला प्रमाणित पक्की घर सहित प्रति कित्ता | १२०० | |

| | | | |
|---|---|---|---|
| ११२ | जग्गा रजिष्ट्रेशन पास पहिलो कित्ता | ५०० | |
| ११३ | जग्गा रजिष्ट्रेशन पास पहिलो कित्ता पछि थप प्रति कित्ता | १०० | |
| ११४ | ट्रेश नक्सा प्रमाणित प्रति कित्ता | १५० | |
| ११५ | आरसिसि युक्त घरको नक्सा पास दस्तुर प्रति वर्ग फुट (दाङ्ग सुर्खेत सडक क्षेत्रमा) | ३ | |
| ११६ | आरसिसि युक्त निर्माण भैसकेको घरको नक्सा पास दस्तुर प्रति वर्ग फुट (दाङ्ग सुर्खेत सडक क्षेत्रमा) | ४ | |
| ११७ | आरसिसि युक्त घरको नक्सा पास दस्तुर प्रति वर्ग फुट (अन्य क्षेत्रमा) | २ | |
| ११८ | आरसिसि युक्त निर्माण भैसकेको घरको नक्सा पास दस्तुर प्रति वर्ग फुट (अन्य क्षेत्रमा) | ३ | |
| ११९ | जग्गाको हक सम्बन्धि सिफारिस (सार्वजनिक, ऐलानी तथा प्रति जग्गा बाहेक) | ३०० | |
| १२० | योजना सम्झौता दस्तुर (सम्झौता रकमको आधारमा) | ०.०५प्रतिशत | |

| | | | |
|---|---|---|---|
| १२१ | योजना सम्झौता सिफारिस दस्तुर | २०० | |
| १२२ | योजनाको म्याद थप दस्तुर (१ लाख सम्म) | ५०० | |
| १२३ | योजनाको म्याद थप दस्तुर (१ लाख १ देखि ५ लाख सम्म) | १००० | |
| १२४ | योजनाको म्याद थप दस्तुर (५ लाख १ देखी १० लाख सम्म) | २००० | |
| १२५ | योजनाको म्याद थप दस्तुर (१० लाख १ देखी २० लाख सम्म) | ३००० | |
| १२६ | योजनाको म्याद थप दस्तुर (२० लाख १ देखी ५० लाख सम्म) | ५००० | |
| १२७ | योजनाको म्याद थप दस्तुर (५० लाख १रुपैयाँ देखी माथि ) | १०००० | |
| १२८ | न्यायिक समिति निवेदन दर्ता दस्तुर | १०० | |
| १२९ | म्याद सुचना दस्तुर प्रति प्रतिबादी | ५० | |
| १३० | प्रतिलिपि/नक्कल दस्तुर प्रति पाना | १० | |
| १३१ | प्रतिबाद दर्ता दस्तुर | १०० | |
| १३२ | मिलापत्र दस्तुर | ५०० | |

अनुसूची-९

(दफा १२ को उपदफा (१) संग सम्बन्धित)

खानीजन्य बस्तु उत्खनन् तथा निकासी शुल्क

| क्र. सं. | विवरण | कायम दर | कैफियत |
|---|---|---|---|
| १ | ढुंगा खानी उत्खनन् स्विकृति | १०००० | |
| २ | ढुंगा खानीबाट ढुंगा निकासी प्रति ट्रक | ८०० | |
| ३ | ढुंगा खानीबाट ढुंगा निकासी प्रति ट्याक्टर | ३०० | |
| ४ | गिट्टी बालुवा उत्खनन् स्विकृति | १०००० | |
| ५ | गिट्टी खानीबाट निकासी प्रति ट्रक | २००० | |
| ६ | गिट्टी खानीबाट निकासी प्रति ट्याक्टर | १००० | |
| ७ | क्रसर उद्योग संचालन अनुमती | १०००० | |

अनुसूची-१०

(दफा १३को उपदफा (२) संग सम्बन्धित)

अवैध रुपमा नदिजन्य वस्तु उत्खनन् तथा निकाशी वापत जरिवाना

| क स | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | जाल दर्ता नगरेर नदी खोलामा माछा मारेमा पटकै पिच्छे | १००० | |
| २ | नदी खोलामा करेन्ट, ब्लाष्ट वा जैविक विष हालेकोमा प्रति व्यक्ति | ५००० | |
| ३ | नदी खोलामा रासायनिक विष हालेकोमा प्रति व्यक्ति | १०००० | |
| ४ | अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रिवितरण गरेमा सामाग्री जफत गरी प्रति ट्याक्टर | ८००० | |
| ५ | अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रिवितरण गरेमा सामाग्री जफत गरी प्रति टिप्पर | २०००० | |

आज्ञाले,

कृष्ण प्रसाद पौडयाल

प्रमुख प्रशासकीय अधिकृत